annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १०२ पृष्ठ ८ | काठमाडौं, शनिबार २४ साउन २०८२ | श्रावण शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४५ | SATURDAY, AUGUST 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०





कभर स्टोरी

## उत्तराखण्डमा जो हराए

उखानै छ -जहाँ गहिरो, त्यहीं पहिरो ।' अर्थात्, दुःखी र निमुखा जहाँ पुगे पनि दुःखले छोड्दैन । मुग्लान छिरेर दुईचार पैसा कमाउने उद्देश्य बोकेका नेपाली भारतको उत्तराखण्ड राज्यको उत्तरकाशीस्थित धरालीमा गएको बाढीमा परेका छन् । तीन दिनदेखि बेपत्ता छन् । दुईचार पैसा कमाएर घरपरिवार पाल्ने सपना धरालीमै बिलाए ।

**राजेन्द्र कार्की** | *जाजरकोट*
**यादव आचार्य** | *बर्दिया*
**महादेव अवस्थी** | *महेन्द्रनगर*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## भेनेजुएलाका राष्ट्रपति पक्राउ गर्नेलाई ५ करोड डलर पुरस्कार

**वासिंटन डीसी** (एजेन्सी) : अमेरिकाले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोको पक्राउका विषयमा उनको जानकारी दिने व्यक्तिलाई दिइने पुरस्कारलाई दोब्बर बनाएर ५ करोड डलर पुऱ्याएको छ। उनलाई विश्वकै सबैभन्दा ठूला लागुऔषध तस्करहरूमध्ये एक भएको आरोप लागेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प लामो समयदेखि मादुरोका आलोचक हुन्। महान्यायाधिवक्ता पाम बोन्डीले अमेरिकाले पहिले नै घोषणा गरेका २ करोड ५० लाख डलरको पुरस्कार दोब्बर बनाउने बताउँदै मादुरो लागुऔषध तस्करी कार्यसँग प्रत्यक्ष रूपमा जोडिएको जनाए।

भेनेजुएलाका विदेशमन्त्री यभान गिलले नयाँ पुरस्कार 'दयनीय' भएको र यसलाई 'राजनीतिक प्रचार' को संज्ञा दिएका छन्। 'यो कोबाट आएको हो भन्ने कुरामा हामी अचम्मित छैनौं।'

ट्रम्पको पहिलो कार्यकालमा अमेरिकी सरकारले मादुरो र अन्य उच्च-पदस्थ भेनेजुएला अधिकारीहरूलाई लागुपदार्थ-आतंकवाद, भ्रष्टाचार र लागुपदार्थको तस्करीसहित विभिन्न अपराधहरूको आरोप लगाएको थियो।

## माओवादी सर्कुलर 'पार्टीको नेतृत्व र हितविपरीत अभिव्यक्ति नदिनू'

**राजकरण महतो** | *काठमाडौं*



नेकपा माओवादी केन्द्रले पार्टीका निर्णय, नेतृत्व र हितविपरीत सार्वजनिक रूपमा अभिव्यक्ति दिन रोक लगाएको छ । पार्टीमा बदमासी गर्ने र गुट चलाउनेलाई तत्काल कारबाही गर्न तल्लो कमिटीलाई माओवादी हेडक्वाटरले सर्कुलर पठाएको छ। पार्टी महासचिव देव गुरुङले पठाएको सर्कुलरमा भनिएको छ, 'पार्टीको सामूहिक निर्णय, नीति र प्रतिबद्धताविरुद्ध सार्वजनिक रूपमा बोल्न हालै सम्पन्न स्थायी कमिटीको बैठकले रोक लगाउने निर्णय गरेको छ।'

साउन पहिलो साता उपमहासचिव जर्नादन शर्माले सार्वजनिकरूपमा पार्टी नेतृत्व भ्रष्ट भएको वक्तव्य दिएका थिए। त्यसले माओवादीमा बबन्डर मच्चिएको थियो। हालै सम्पन्न माओवादी पार्टी स्थायी कमिटी बैठकमा नेता शर्मालाई सार्वजनिक रूपमै पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आत्मालोचना गर्न निर्देशन दिएका थिए। तर, हालसम्म नेता शर्माले आत्मालोचना गरेको सर्कुलरमा भनिएको छ। पछिल्लोपटक माओवादीमा नेतृत्व हस्तान्तरणको सवाललाई लिएर गुट–उपगुटमा पार्टी विभाजित भएको थियो। माओवादीको विद्यार्थी र युवा संगठनमा भएको चुनावमा गुट–उपगुटको झल्को देखिएको थियो।

स्थायी कमिटीका निर्णयहरू तल्ला कमिटीमा सर्कुर गरेर पठाएको प्रवक्ता एवं उपाध्यक्ष अग्निप्रसाद सापकोटाले पुष्टि गरेका छन्। संगठनमा देखापरेको जुनसुकै स्तरको गुट–उपगुट तत्काल भंग गरेर सामूहिक एकताको प्रतिबद्धता व्यक्त गर्न पार्टी हेडक्वाटरले तल्ला कमिटीहरूलाई सर्कुलर पठाएको छ। 'पार्टी एकताबद्ध' भएको सर्कुलरमा उल्लेख गरिएको छ।

» बाँकी पृष्ठ ६

# शिक्षा विधेयक समितिबाट पारित, शिक्षक असन्तुष्टै

**ममता थापा** | *काठमाडौं*



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विद्यालय शिक्षासम्बन्धी विधेयक पारित गरेको छ। बिहीबार अबेर रातिसम्म चलेको बैठकले उपसमितिका सुझावलाई परिमार्जनसहित पारित गर्दै प्रतिवेदन बनाउने जिम्मा समिति सचिवालयलाई दिएको छ। यद्यपि, विधेयकमा आफ्ना सबै माग पूरा नभएको भन्दै शिक्षकहरूले असन्तुष्टि जनाएका छन्।

यसअघि शिक्षकहरूको ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने विषयमा समितिमा विवाद भएको थियो। विवादित विषयमा सहमति जुटाउन सांसद छविलाल विश्वकर्मा संयोजकत्वमा उपसमिति गठन गरिएको थियो। सोही उपसमितिले दिएको प्रतिवेदन परिमार्जनसहित समितिले पारित गरेको हो। उपसमितिले दिएको प्रतिवेदन संशोधनसहित समितिले पारित गरेको सभापति अम्बरबहादुर थापाले जानकारी दिए। समितिबाट पारित विधेयकका प्रावधानप्रति नेपाल शिक्षक महासंघले असन्तुष्टि जनाएको छ। आफ्ना माग सम्बोधनका लागि दबाब कायमै राख्ने महासंघका प्रतिनिधिहरू बताउँछन्। महासंघका महासचिव तुलाबहादुर थापाका अनुसार विधेयक बनाउने क्रममा आफूहरूसँग गम्भीर छलफल र सहमति नभएको बताए। महासचिव थापाले प्रधानाध्यापकको ट्रेड युनियन सदस्यता, बढुवा र सरुवालगायत विषयमा आफूहरूसँग छलफल नभएको र प्रतिवेदनमा त्यस्ता कुराहरू समावेश गरिएको जानकारी दिए। अझै महासंघले प्रतिवेदनको विस्तृत अध्ययनपछि मात्र आधिकारिक धारणा सार्वजनिक गर्ने उनले बताए। विधेयकमा नमिलेका कुराहरू संशोधनका लागि प्रतिनिधिसभा र राष्ट्रिय सभामा पहल गरिने थापाले बताए। यस विषयमा थप निर्णय गर्न भदौ ३ र ४ गते महासंघको केन्द्रीय कार्यसमितिको बैठक बस्ने उनले जनाए। समिति सभापति थापाले भने शिक्षा क्षेत्रमा अब शक्तिको नभई प्रणाली र कार्यसम्पादनको आधारमा काम हुने बताए।

» बाँकी पृष्ठ ६


